सुदूरपश्चिम विश्वविद्यालय

सेवा आयोगको कार्यालय

महेन्द्रनगर, कञ्चनपुर

सेवा आयोग

## विशेष आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति (स्थायी समायोजन)का लागि दरखास्त आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशन मिति: २०८२।०५।०६

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्बाट २०८०/०२/१५ को निर्णयबाट सिफारिस भई आएका पदहरुको सेवा आयोगबाट विज्ञापन प्रकाशित नगरेको भनि सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसमा इन्जिनियरिङ्ग संकायमा शिक्षण सहायक (पूर्णकालिन करार) पदमा कार्यरत बीरेन्द्र सिंह धामी समेतले सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतको कार्यकारी परिषद् एवं सेवा आयोगको नाममा श्री उच्च अदालत दिपायल महेन्द्रनगर इजालसमा मिति २०८१/०५/२६ मा दायर गरेको रिट नं. ०८१-WO-०००७ मा सम्मानित अदालतको २०८१/१२/१३ गतेको परमादेशमा सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्बाट २०८०/०२/१५ को निर्णयबाट सिफारिस भई आएका पदहरुमा छुटै विज्ञापन आव्हान गरी विशेष आन्तरिक प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नु भनि आदेश भएकोले २०७५/०४/०१ भन्दा अघि अस्थायी/करार सेवामा कार्यरत शिक्षकहरुलाई प्रशिक्षक/उपप्राध्यापक पदको विशेष आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्न तपशिलका विषयका प्रशिक्षक/उपप्राध्यापक पदमा सुदूरपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावली २०६९, (२०७७ संशोधन सहित) को ११०ख को अनुसार विशेष आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति (स्थायी समायोजन) गर्नु पर्ने भएकाले मिति २०८२/०६/०९ गतेसम्म (दोब्बर दस्तुर तिरेर मिति २०८२/०६/१६ गतेभित्र) सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको कार्यालयमा आइपुग्ने गरी दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.np बाट डाउनलोड गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन ।

तपशिल

| क्र.स. | विज्ञापन नं | पद | विषय | संकाय | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८२-०८३ | उपप्राध्यापक | समाजशास्त्र | मानविकी तथा सामाजिक शास्त्र | १ |
| २ | २/२०८२-०८३ | उपप्राध्यापक | आम सञ्चार तथा पत्रकारिता | मानविकी तथा सामाजिक शास्त्र | १ |
| ३ | ३/२०८२-०८३ | उपप्राध्यापक | गणित शिक्षा | शिक्षाशास्त्र | १ |
| ४ | ४/२०८२-०८३ | उपप्राध्यापक | गणित | मानविकी तथा सामाजिक शास्त्र | १ |
| ५ | ५/२०८२-०८३ | उपप्राध्यापक | वातावरण विज्ञान | विज्ञान तथा प्रविधि | १ |
| ६ | ६/२०८२-०८३ | उपप्राध्यापक | रसायनशास्त्र | विज्ञान तथा प्रविधि | २ |
| ७ | ७/२०८२-०८३ | उपप्राध्यापक | कम्प्युटर विज्ञान | विज्ञान तथा प्रविधि/शिक्षाशास्त्र | ३ |
| ८ | ८/२०८२-०८३ | उपप्राध्यापक | इलेक्ट्रोनिक्स तथा कम्युनिकेशन | इन्जिनियरिङ्ग | २ |
| ९ | ९/२०८२-०८३ | उपप्राध्यापक | सिभिल इन्जिनियरिङ्ग | इन्जिनियरिङ्ग | १ |
| १० | १०/२०८२-०८३ | प्रशिक्षक | सिभिल इन्जिनियरिङ्ग | इन्जिनियरिङ्ग | २ |

विज्ञापन सम्बन्धी अन्य जानकारीकालागि वेवसाइट www.servicecomission.fwu.edu.np मा हेर्न सकिने छ ।

**द्रष्टव्य:**

१. आवेदन दस्तुर : उप प्राध्यापक २,५००।-, प्रशिक्षक २,०००।-, आवेदन दस्तुर आयोगको नेपाल बैक लि. महेन्द्रनगर शाखामा रहेको १५६००१०६८७२२१५००००0१ जम्मा गर्नुपर्ने छ । एकपटक बुझाई सकेको दस्तुर फिर्ता हुने छैन ।

२.आवश्यक योग्यता : सुदूरपश्चिम विश्वविद्यालय शिक्षक नियुक्तिका आधार एवं सिफारिस सम्बन्धी विनियम, २०७८ (दोस्रो संशोधन सहित) को परिच्छेद ५ उप विनियम ११ अनुसार योग्यता पुगेका ।

३. उमेर हद: सुदूरपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावलीको नियम ६ को उपनियम ९ (छ) अनुसार भएको ।

४. विज्ञापन प्रकाशन भएपछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिइने छैन ।

५. आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमतिपत्र (License) आवश्यक पर्ने भएमा वा आफ्नो पेशा व्यवसाय सँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नु पर्ने भएमा सो को अनुमतिपत्र र दर्ता प्रमाणपत्र (नविकरण सहित) संलग्न गर्नु पर्नेछ ।

६. निम्न कागजातहरू फारमका साथ संलग्न गर्नु पर्नेछ ।

(क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो



CamScanner

(ख) नागरिकताको प्रतिलिपि ।
(ग) एसएलसी/एसइईदेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरू प्रमाणित प्रतिलिपिहरु ।
(घ) शिक्षण सेवा अनुभवकालागि सुरुको नियुक्तिपत्र, नियुक्ति नवीकरण र कार्य अनुभवको प्रमाणपत्र पेश गर्नुपर्ने छ ।
(ङ) व्यक्तिगत विवरण (वायोडाटा) ।
(च) प्रकाशित अनुसन्धानात्मक कृतिहरू ।
(छ) शोध निर्देशन गरेको भए सोको आधिकारिक पत्र ।
७. स्वदेशी विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको श्रेणी वा ग्रेड समेत खुलेको सम्बन्धमा विश्वविद्यालयबाट मान्यता भएको स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि पनि पेश गर्नुपर्ने छ ।
८. विज्ञापन प्रकाशन भएपछि प्रकाशित कृति मूल्याङ्कन गरिने छैन ।
९. अनलाईनमाउपलब्ध हुने जर्नलको Hard Copy उपलब्ध नभएमा जर्नलको कभरपेज साथै सम्पादक मण्डल, ISSN, Publishing Policy, विषय सूची आदि भएको पेज प्रिन्ट गरी लेखसंगै पेश गर्नुपर्ने छ ।
१०. आवेदन फारमसंग पेश गरेका भन्दा फरक कृतिहरु मान्य हुने छैन् ।
११. नेपालबाट प्रकाशित पुस्तक/सबै प्रकारका ग्रन्थको ISBN लिएको मिति र दुई प्रति पुस्तक त्रि.वि.केन्द्रीय पुस्तकालयमा बुझाएको सम्बन्धमा त्रि.वि. केन्द्रीय पुस्तकालयबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।
१२. अन्य जानकारीकालागि वेवसाइट www.servicecomission.fwu.edu.np मा रहेको शिक्षक नियुक्ति एवं सिफारिस सम्बन्धी विनियम, २०७८ (दोस्रो संशोधन सहित) डाउनलोड गरी हेर्न वा सु.प.वि. सेवा आयोगमा सम्पर्क गर्न सकिने छ ।
१३. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
१४. सम्पर्क फोन नं. ०९९५२५४१ ईमेलः service.comission@fwu.edu.np

सेवा आयोगको कार्यालय

सेवा आयोग

CamScanner